# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३ ) काठमाडौं, चैत ८ गते २०५० साल ( संख्या ४८

## भाग ४

श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

कृषि मन्त्रालयका सचिव श्री विन्देश्वरीप्रसाद सिन्हा मिति २०५०।११।२२ देखि बिदामा बस्नु भएको हुँदा उहाँ बिदाबाट फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री रामकृष्ण तिवारीलाई मिति २०५०।११।२२ गतेदेखि कायम मुकायम मुकरर गरेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

निर्माण तथा यातायात मन्त्रालयका का.मु. सचिव श्री नारायणराज तिवारी भारतको बम्बईमा सम्पन्न हुने नेपाल एस.वी.आई. बैंकको संचालक समितिको बैठकमा भाग लिन त्यसतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री आर.डी. प्रभास "चटौत" लाई मिति २०५०।११।२० देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

## लोक सेवा आयोगको सूचना

लोक सेवा आयोगले निजामती सेवा नियमावली, २०५० को नियम ७२ को देहायका खण्डहरूमा उल्लिखित अदालत र कार्यालयका राजपत्र अनंकित पदहरूमा बढुवाको निर्णय उपर सोही नियमावलीको नियम ८३ बमोजिम उजुरी सुन्ने अधिकारीमा देहाय बमोजिम अधिकारी तोकेको छ।

| खण्ड | कार्यालय | उजुरी सुन्ने अधिकारी |
|---|---|---|
| (ख) | कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको लागि | लोक सेवा आयोग |
| (घ) | सर्वोच्च अदालतको लागि | लोक सेवा आयोग |
| (ङ) | पुनरावेदन अदालतको लागि | सर्वोच्च अदालत |
| (च) | जिल्ला अदालतको लागि | सम्बन्धित पुनरावेदन अदालतका मुख्य न्यायाधीशले तोकेको पुनरावेदन अदालतको न्यायाधीश |
| (छ) | महान्यायाधिवक्ताको कार्यालयको लागि | लोक सेवा आयोग |
| (ज) | पुनरावेदन सरकारी वकिल कार्यालयको लागि | वरिष्ठ सरकारी अधिवक्ता |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| (झ) जिल्ला सरकारी वकिल कार्यालयको लागि | सम्बन्धित पुनरावेदन अदालतका मुख्य न्यायाधीशले तोकेको पुनरावेदन अदालतको न्यायाधीश |
| (ञ) न्याय परिषद् सचिवालयको लागि | लोक सेवा आयोग |
| (ट) प्रशासकीय अदालतको लागि | सम्बन्धित पुनरावेदन अदालतका मुख्य न्यायाधीशले तोकेको पुनरावेदन अदालतका न्यायाधीश |
| (ठ) राजस्व न्यायाधीकरणको लागि | सम्बन्धित पुनरावेदन अदालतका मुख्य न्यायाधीशले तोकेको पुनरावेदन अदालतको न्यायाधीश । |

**द्रष्टव्यः—**

(१) साविकको निजामती सेवा नियमावली, २०२१ अनुसार गठित बढुवा समितिले गरेको सिफारिश उपर परेको वा पर्ने उजुरी साविकमा तोकिएकै निकाय वा अधिकारीले नै निर्णय गर्ने।

(२) साविकमा बढुवा सम्बन्धमा कारवाही भएको तर सिफारिश हुन बाँकी रहेका कुराहरू सम्बन्धमा यस नियमावली बमोजिमको बढुवा समितिले कारवाही गरी सिफारिश गर्ने।

(३) जिल्लास्थित कार्यालय भन्नाले जिल्लास्थित, क्षेत्रीय निर्देशनालय वा सो सरहको कार्यालय र अञ्चलस्तरीय कार्यालय समेत जनाउनेछ।

(४) सम्बन्धित पुनरावेदन अदालत भन्नाले बढुवा समितिको बैठक बस्ने कार्यालय रहेको जिल्लासँग सम्बन्धित पुनरावेदन अदालत सम्झनु पर्नेछ।

आज्ञाले,
आनन्दवल्लभ जोशी
का. मु. सचिव
लोक सेवा आयोग

५०६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भूलसुधार

खण्ड ४३ संख्या ४४ मिति २०५० फागुन ६ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित स्थानीय विकास मन्त्रालयको सूचनामा देहाय अनुसार भूलसुधार गरिएको छ ।

तपसिल

| क्र सं. | पेज | नियम | भएको | हुनु पर्ने |
|---|---|---|---|---|
| १. | ६ | नियम २३ (३) को दोश्रो हरफमा | समितिको | समितिले |
| २. | १३ | नियम ४८ (३) (ग) को चौथो हरफमा | पद्राधिकारी | पदाधिकार |
| ३. | १५ | नियम ५ २ को पहिलो हरफमा | ५१ | ५२ |
| ४. | १८ | नियम ६३ (ङ) को दोश्रो हरफमा | बेच्न | बेच्ने |
| ५. | २० | नियम ६४ (च) को दोश्रो हरफमा | गनलाई | गर्नेलाई |
| ६. | २१ | नियम ७२ को दोश्रो हरफमा | खच गन | खर्च गर्ने |
| ७. | २२ | नियम ७५ (२) को दोश्रो हरफमा | मितिको | समितिको |
| ८. | २२ | नियम ७७ को दोश्रो हरफमा | (बजट) | (बजेट) |
| ९. | ३५ | अनुसूची ५ को अन्तिम हरफमा | थप गर्न | थप गर्ने |

स्थानीय विकास मन्त्रालय ।

५०८



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।